नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति :

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको समुपस्थितिमा आज मिति २०७३ कात्तिक ८ गतेका दिन भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बैठक बस्यो ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय रमेश लेखकले सडक विस्तार कार्यलाई तीब्रता दिई गुणस्तरीय ढङ्गले समयमै सम्पन्न गर्न मुआब्जा वितरण हुन नसक्नु, बिजुलीका पोलहरू समयमा नसर्नु, वन क्षेत्रमा पूर्वाधार निर्माण गर्दा लामो समय लाग्ने भएकोले यस्ता समस्याहरू समयमै समाधान गर्न एकिकृत संरचना तयार गरी तत्काल समस्या समाधान गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो । बैठकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्री माननीय हितराज पाण्डेले पूर्वाधार विकासमा भौतिक र वित्तिय प्रगतिलाई तुलनात्मक अनुगमन गर्ने, सडक विस्तार गर्दा निर्माण भईसकेको पूर्वाधारमा कम भन्दा कम क्षति हुने तर्फ ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

उक्त बैठकमा सम्बन्धित मन्त्रालयका सचिव, विभागिय प्रमुख, आयोजना प्रमुखहरूले आ-आफ्नो निकायबाट भईरहेका कार्यहरूका साथै अनुभुत गरेका समस्याहरू राख्नु भएको थियो।

बैठकको अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सबै निकायले आ-आफ्नो कार्यक्षेत्रको विकास निर्माण तथा मर्मत संभारका कार्य तिब्रताकासाथ गर्ने, मित्रराष्ट्र भारतका महामहिम राष्ट्रपतिज्यूको आसन्न नेपाल भ्रमणको सिलसिलामा काठमाण्डौं उपत्यका लगायतका स्थानहरुमा सडक मर्मत तथा पूर्वाधार निर्माण कार्यहरुको समन्वय र नियमित स्थलगत अनुगमन गरी व्यवस्थित बनाउने, काठमाण्डौ, ललितपुर र भक्तपुर सहित उपत्यकाको एकिकृत विकास र समन्वय गर्ने दीर्घकालिन सोच सहितको संयन्त्र निर्माण गर्ने तर्फ गृहकार्य गर्नुपर्ने र तत्कालको लागि अन्तर निकायगत समस्या समाधान गर्न सडक, खानेपानी,

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

टेलिफोन, विद्युत, काठमाण्डौ उपत्यका खानेपानी लि., काठमाण्डौ उपत्यका विकास प्राधिकरण तथा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका लगायतका सम्बन्धित पदाधिकारीहरु रहेको समन्वय समिति बनाई भएगरेका कामहरुको नियमित समीक्षा गरी अन्तर निकायगत समस्याहरु समयमै समाधान गर्न निर्देशन दिनुभयो । कतिपय निकायमा आफ्नो जिम्मेवारीको काम पन्छाउने र मन्त्रिपरिषद् तर्फ पठाउने प्रवृत्ति देखिएको उल्लेख गर्दै सबै निकायका पदाधिकारीहरुले आ-आफ्नो तहबाट सम्पादन गर्नुपर्ने काम समयमै जिम्मेवारपूर्ण ढंगबाट सम्पादन गर्न निर्देशन दिनुभयो । वहाँले अहिले विकास खर्च तीन महिनामा करीब ३% (प्रतिशत) मात्र भएकोमा चिन्ता व्यक्त गर्दै समयमै समन्वयात्मक ढंगले तिव्रताका साथ आ-आफ्नो जिम्मेवारी पुरा गरी तोकिएको लक्ष्य हासिल गर्न निर्देशन दिनुभयो ।

बैठकमा माननीय भौतिक पूर्वाधार तथा यातायात र संघीय मामिला तथा स्थानीय विकास मन्त्री सहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, भौतिक पूर्वाधार तथा यातायात, संघीय मामिला तथा स्थानीय विकास, शहरी विकास, सूचना तथा संचार, खानेपानी तथा सरसफाई मन्त्रालयका सचिव, सम्बन्धित विभागीय प्रमुखहरु, आयोजना प्रमुखहरु तथा महानगरीय ट्राफिक प्रहरी कार्यालयका प्रमुख समेत सम्बद्ध निकायका उच्च पदस्थ पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

..........................................

(दामोदर रेग्मी)
सहसचिव/ प्रवक्ता

२०७३ कात्तिक ८